# सहभागितात्मक नगर विकास पूर्व योजना तर्जुमा गोष्ठी
## आर्थिक वर्ष २०७४/०७५
## पुस १, २०७३







मिति २०७१ साल पुस १ यस लेटाङ भोगटेनी नगरपालिकाको सहभागितात्मक नगर विकास पूर्व योजना तर्जुमा गोष्ठी सम्पन्न भयो । कार्यकारी अधिकृत श्री नारायण न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा नगरपालिकामा क्रियाशिल राजनीतिक दलका प्रतिनिधि,नगरपालिकाका कर्मचारी, सामाजिक परिचालक, वडा नागरिक मञ्चका संयोजक, नागरिक सचेतना केन्दका प्रतिनिधि, लक्षित वर्ग (महिला, आदिवासी जनजाति, दलित, अपाङ्ग, ज्येष्ठ नागरिक, पिछडा वर्ग) का प्रतिनिधि, शिक्षक उद्योग बाणिज्य संघका नगर समितिका प्रमुख, नगर विकास समितिका अध्यक्ष, विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधि, सामुदायिक वनका प्रतिनिधि ,सहकारी संस्थाका प्रतिनिधि, बिभिन्न गैरसरकारी संघ संस्थाहरुका प्रतिनिधि, पत्रकार, नागरिक समाज, बुद्धिजिवी लगायतको ६० जनाको उपस्थितिमा थियो । गोष्ठीमा नगरपालिकाका कार्यकारी अधिकृत श्री नारायण न्यौपानले लेटाङ्ग भागटेनी नगरपालिकाको आ.व.२०७४/०७५ को लागि बजेट तथा कार्यक्रम तर्जुमाका आधार र प्रकृया साथै वडा स्तरीय बार्षिक विकास कार्यक्रम/योजना तर्जुमाको मार्गदर्शन तथा बजेट शिलिङ्ग र वडा भेलाको कार्यतालिका प्रस्तुत गर्नु भएको थियो । त्यसमा सहभागीहरुले  आवश्यक जिज्ञासा, टिप्पणी र सुझाव पेश गरेका थिए । कार्यक्रमको अत्यमा कार्यकारी अधिकृत  न्यौपानेले सहभागीहरुले उठाएका जिज्ञासाको जवाफ दिएर सम्पूर्ण नगरवासीहरुलाई आ-आफ्नो वडाको वडा भेलामा उपस्थित भइ आफ्नो वडाको योजना सहभागितात्मक  प्रकृयद्वारा आफै छान्न अनुरोध गर्दै  कार्यक्रम समापन गर्नु थियो ।